# ब्यास नगरपालिकाको अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रतिवेदन

**पेश हुने कार्यालयः**

ब्यास नगरपालिकाको कार्यालय

दमौली, तनहूँ ।

**पेश गर्ने संस्थाः**

दिगो विकासका लागि बहुउद्देश्यीय प्रतिष्ठान

दमौली, तनहूँ ।

२०७२ असार २०

स.क.प.आ. नं.: २१४०९ जि. प्र.का. त. द. नं. १२२२/०६३/०६४

# दिगो विकासको लागि बहुउद्देश्यीय प्रतिष्ठान
## Multi- Purpose Academy for sustainable Development
## ब्यास नगरपालिका, दमौली, तनहूँ
## Vyas Municipality, Damauli, Tanahun

स्थापित: २०६३
Estd: 2063

पत्र संख्या:२०७१/२०७२

च. नं. ५६ मिति: २०७२/०३/२०

---

श्रीमान् कार्यकारी अधिकृत ज्यू ।

ब्यास नगरपालिकाको कार्यालय,

दमौली, तनहुं ।

विषय: प्रतिवेदन पेश गरेको सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा स्थानीय सेवाग्राही र सेवा प्रदायक संस्था वीचको सकारात्मक सहकार्यको माध्यमबाट सुशासन भए नभएको मापनको लागि नेपाल सरकारले स्थानीय निकाय सार्वजानिक सुनुवाई कार्यविधि २०६७ लागू गरेकाले सो कार्यविधि अनुसार हरेक न.पा.ले एक आर्थिक वर्षमा तीन पटक सार्वजानिक सुनुवाई गर्नुपर्ने कार्यविधि अनुसार व्या.न.पा.को अन्तिम चौमासीकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७२ असार ०७ गते उद्योग वाणिज्य संघको हल दमौलीमा सम्पन्न भएको सार्वजनीक सुनुवाई कार्यक्रमको प्रतिवेदन श्रीमान् समक्ष पेश गरेको छु ।

..............................

दुर्ग बहादुर थापा

कार्यक्रम संयोजक

स्थानीय शासन उत्तरदायी संयन्त्र कार्यक्रम

LGAF

स्थानीय सरकारका रुपमा रहेका गाँऊ विकास समितिहरु, नगरपालिका र जिल्ला विकास समितिहरुमा निर्वाचित स्थानीय जनप्रतिनिधि विहिन अवस्थामा रहेको वर्तमान नेपालको वास्तविकता हो । स्थानीय सरकारहरु लोकतन्त्रका महत्वपूर्ण खम्वाका रुपमा स्थापित भै जनताका चाहना र आवश्यकता अनुरुप प्रभावकारी सेवा प्रदान गर्न आधारभूत निकायका रुपमा विकसित हुनु पर्ने हो । तर वर्तमान अवस्थामा नेपालमा यस्तो अवस्था रहेको देखिदैन । सेवा लिने र सेवा प्रदान गर्ने स्थानीय निकायहरु वीच निकै ठूलो खाडल देखिन पुगेको वर्तमानको यथार्थाता हो । नेपालमा अहिले गाविसहरु, जिविसहरु नगरपालिकाहरु जनप्रतिनिधि विहिन अवस्थामा छन् । जननिर्वाचित प्रतिनिधिहरु परिचालित भै विकासका गतिविधिहरु अगाडि बढ्नु पर्नेमा स्थानीय निकायमा जनप्रतिनिधिहरु नभएको अवस्थामा स्थानीय तहमा सञ्चालन हुने विकास योजनाहरुको प्रभावकारी तर्जुमा र कार्यान्वयनका लागि स्थानीय सरकारहरुको सुदृढीकरण गर्ने, विकेन्द्रीकरण अवधारणामा आधारित जनसहभागिता र जन उत्तरदायित्व जस्ता सुशासनका आधारभूत पक्षलाई अवलम्वन गर्ने भनि किटान गरिएको लक्ष्य र रणनीतिहरु कार्यन्वयन हुन सकेका छैनन् । विकास निर्माण गतिमा गम्भिर गतिरोध देखा परिरहेको छ । स्थानीय सरकारहरुवाट जनतालाई प्रदान गरिदै आएका सेवा प्रवाहमा समेत गम्भिर असर परेको छ । त्यसैले वर्तमान स्थानीय सरकारहरुको प्रभावकारिता र मुख्य रुपमा सेवा प्रवाहमा परेका असरहरुको विभिन्न माध्यमबाट लेखाजोखा गर्नु वर्तमानमा तडकारो आवश्यकता महसुस गरिएको तथ्य जगजाहेर छ । स्थानीय जनता र स्थानीय क्षेत्रको कल्याणका लागि स्थापना गरिएका निकायहरुले गरेका कामहरुको अनुगमन हुन नसक्नु जवाफदेहिता बहन गर्नेहरुको लागि पृष्ठपोषण गर्ने क्रियाकलाप पनि हुन नसकेको वर्तमानको यथार्थता हो । यी कारक तत्वहरुलाई मध्यनजर गरी सार्वजनिक क्षेत्रमा दिईएको भूमिकाको निर्वाह हुन नसकेको अवस्थामा त्यस्तो भूमिका निर्वाह हुन किन सकेन भनि जनताहरुलाई मनासिप स्पष्टिकरण दिनु पर्ने व्यवस्थालाई सहि अर्थमा उजागर गर्नका लागि स्थानीय सेवाग्राही र सेवा प्रदायक संस्था वीचको सकारात्मक सहकार्यको माध्यमबाट सुशासन भए नभएको मापनको लागि नेपाल सरकारले स्थानीय निकाय सार्वजानिक सुनुवाई कार्यविधि २०६७ लागू गरेको छ । सो कार्यविधि अनुसार हरेक न.पा.ले एक आर्थिक वर्षमा तीन पटक सार्वजानिक सुनुवाई गर्नुपर्ने कार्यविधि अनुसार ब्या.न.पा.को अन्तिम चौमासीकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७२ असार ०७ गते उद्योग वाणिज्य संघको हल दमौलीमा सम्पन्न भएको थियो । ब्यास नगरपालिकाले यस दिगो विकासको लागि बहुउद्देश्यीय प्रतिष्ठान तनहुँ, दमौलीलाई सहजकर्ताको भूमिकाको लागि अवसर प्रदान गरेकोमा धन्यवाद दिन चाहान्छौं ।

सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था :- व्यास नगरपालिका, तनहूँ ।

सहजकर्ता :- दुर्ग बहादुर थापा, दिगो विकासका लागि बहुउद्देश्यीय प्रतिष्ठान, दमौली, तनहूँ ।

सुनुवाई गरीएका विषयवस्तुहरुः

क) मोटरबाटो

ख) विद्युतीकरण

ग) खानेपानी

घ) पूर्ण सरसफाई

ङ) कृषि

च) पशु सेवा

छ) वधशाला

ज) ढल निकास ।

कार्यक्रम आयोजना स्थलः उद्योग वाणिज्य संघको हल, दमौली, तनहूँ ।

कार्यक्रम आयोजना गरीएको मितिः २०७२/०३/०७

समयः दिउँसो १ बजे

कार्यक्रम संञ्चालन गरीएको समयावधि ( घण्टा/मिनेटमा ) : २ घण्टा ३५ मिनेट

उठेका प्रश्न/जिज्ञासा र उत्तरः

| क.स. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | विष्णु वहादुर अधिकारी, तनहूँ ।<br><br>भक्त बहादुर गुरुङ ब्यास-११, श्रीकृष्ण टोल विकासको अध्यक्ष, तनहूँ ।<br><br>शशी आचार्य ब्यास-१०, तनहूँ । | नाला अव्यवस्थित भयो, डिस्पोजलमा ध्यान दिईयोस् । घरघरमा नाला छिर्ने समस्या छ, यसको समाधानका लागी सम्बन्धित निकायले ध्यान दिनुपर्‍यो ।<br><br>वर्षैपिच्छे ध्यानाकर्षण गराउँदासमेत ब्यास-११ को विद्युत पावरहाउस नजिक नाला निर्माण भएन ।<br><br>डम्पिङ्ग साईडको व्यवस्था गरियोस् । | (सम्बन्धित विषयमा उठेका सवालहरुको जवाफ सम्बन्धित निकायका प्रमुखहरुले जवाफ दिनुभयो ।)<br><br>हरिदत्त पौडेल, प्रमुख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दमौली तनहूँ ।<br><br>हुमनाथ शर्मा ढकाल, कार्यकारी अधिकृत, | • २, १०, ११ र गल्वुबेसि क्षेत्रमा साना सहरी खानेपानी योजना सप्पन्न हुन गईरहेको छ, यस कार्यक्रम अन्तर्गत बालुवा राख्ने काम हुँदैन ।<br>• खानेपानीको पाईप विछ्याउँदा भत्केका पिच बनाइन्छ र अन्य पेटी बनाउने कार्यक्रम छैन । दशैं अगाडीनै चिन्ह राखेर छाडिएका धारा सञ्चालनमा आउनेछ । यो प्रोजेक्टले ६ कि.मि. सतह नाली न.पा. संग मिलेर सफा गर्ने कार्यक्रम छ । सेफ्टि ट्याङ्की, सार्वजनिक शौचालय सफा गर्ने कार्यक्रम छ । |
| २. | खानेपानी उपभोक्ता | घाँसीकुवाबाट पोल्याङ हुँदै | | |

| | | | | |
|---|---|---|---|---|
| | समितिको अध्यक्ष व्यास-३, तनहूँ ।<br><br>मनमाया गुरुङ व्यास-तालघारे , तनहूँ । | वशाहखोलासम्म पानीको मुहान जाने बाटो मर्मत गरियोस् ।<br><br>तालघारेको शाखा बाटो ग्राभल गर्नुपर्‍यो, सडकमा भल पस्यो, रङरोगनका लागि नपाबाट सहयोग भएन । | व्या.न.पा., तनहूँ । | • व्यास-३ मा भईरहेको सडकलाई बगेर जान नदिन नाला सफा गर्न केहि रकम दिएर पठाएका छौँ, सायद काम भैसक्यो होला ।<br>• नाली निर्माणको काम ठेक्का पट्टाको काम भैसकेको छ, छिट्टै व्यवस्थापन हुन्छ ।<br>• डम्पिङ्ग साईड र बसपार्क अभियानकै रुपमा खोजी भैरहेको छ ।<br>• न.पा. मा सम्पूर्ण खानेपानी उपभोक्ता समितिले नै सञ्चालन गरिरहेछ । उपभोक्ता समितिले विधान अनुसार विवादित कुराहरु आफै सुल्झाउनुपर्छ र नसकिएका कुरा जिल्लामा आएर सल्टाउन सक्नुहुनेछ ।<br>• नपा, सर्वदलिय संयन्त्र, स्थानीय |
| ३. | इन्द्र बहादुर दर व्यास-११, तनहूँ । | व्यास-११ मा डाँडाको भेलले गर्दा पहिरो जाने खतरा छ, यसका लागि नपाले के योजना गराईरहेको छ ? | | |
| ४. | सुमित्रा परियार व्यास-१, तालघारे, तनहूँ ।<br><br>सीता खनाल व्यास-३, तनहूँ ।<br><br>व्यास-५, नासके अध्यक्ष | बाटो, बत्तिको व्यवस्थापन भएन, गुनासो सुन्नेमात्र हो की समाधान पनि हुन्छ ?<br><br>महिलाले पेश गरेको प्रतिवेदन वेवास्था गरीयो । | | |

| | | | | |
|---|---|---|---|---|
| | सावित्रि रिजाल, तनहूँ । | महिला र दलितको मञ्चमा उपस्थिति गराईएन ।<br>महिलाको बजेट प्राप्त भएन । | | टोलवासि बसेर ५, ६, ८ र ९ का लागि आधार पत्र तयार पारिएको छ, आगामी वर्षको ठेक्का, टेण्डर आह्वान तथा सम्झौता गर्दा स्थानीय टोलवासी, स्थानीय उपभोक्ताको प्रभावितको मर्मत सम्भारका लागि व्यवस्था हुनेगरि लागू हुनेछ । नपाको आन्तरीक स्रोत प्रभावित क्षेत्रमा लगानी हुनेछ ।<br>• प्रारम्भीक वातावरणीय परिक्षणबाट जति गिटी वालुवा झिक्न मिल्छ भनि सल्लाह दिन्छ त्यही अनुसार झिक्न हामी सचेत छौं ।<br>• ईष्टिमेट गरिएका कतिपय योजनाहरु यसवर्ष असार लागिसकेकाले सम्झौता गर्न सकिएन तर आगामी वर्ष कार्यक्रममा समावेश गरिनेछ । |
| ५. | प्रेम कुमार श्रेष्ठ, वनाम संयोजक व्यास-१०, टोल विकास संस्थाको संयोजक, तनहूँ । | कुनैपनि कार्यक्रम गर्नुपूर्व वनाम, उपभोक्ता समिति, टोल विकास समितिलाई जानकारी भएन ।<br>ल्याण्ड फिल्ड साईडको व्यवस्था गर्नुपर्‍यो, नालीको लागी समन्वय भएन, सिर्जना टोलमा पहिरो जाने खतरा छ ।<br>हाईवे अव्यवस्थित भयो, हाईवेको मापदण्ड किन नतोकेको ? | | |
| ६. | राम वि. क., तनहूँ । | वधशाला हटाउनुपर्यो । | | |

| | | | | |
|---|---|---|---|---|
| | रेखा श्रेष्ठ व्यास-२, अमरापूरी, तनहूँ ।<br><br>बाबुराम बगाले, देउराली नगर व्यास-१० विसघरे, तनहूँ ।<br><br>भक्त बहादुर गुरुङ व्यास-११ श्रीकृष्ण टोल विकासको अध्यक्ष | फोहर लिन दिनदिनै वा दुई दिनमा एकपटक ट्याक्टर पठाईदिनुपर्‍यो ।<br><br>टोलको सरसफाईमा नपाले ध्यान दियोस् ।<br><br>सार्वजनिक स्थलमा वस रोक्दा दुर्घटना बढेको छ । जिविस, नपाले बसपार्कको व्यवस्था गर्नुपर्‍यो ।<br><br>फुटपाथको व्यापारले समस्या परेकोले दुर्घटना हुन्छ, नपाले फुटपाथ पसल हटाइएकोमा धन्यवाद दिन चाहान्छु, यसलाई निरन्तरता दिईयोस् । | | • नपाले कार्यक्रमहरु प्राथमिकताका आधारमा अघाडी बढाइरहेको छ, गुनासा लिएर आउनुहोस् नपा समाधान गर्न तयार छ ।<br>• महिलाको रकम कार्यविधिअनुसार नै खर्च गर्नुपर्ने हुन्छ, यो रकम विभिन्न वडाहरुमा नेत्तृत्व विकास, सीप विकास कार्यक्रम कृषि, भेटनरी, पशुसंग सहकार्य गरि कार्यक्रम संञ्चालन भैरहेको छ ।<br>• गोरखाको भवन डिभिजनले सिर्जना टोल विकासमा ढल नबग्ने समस्याका लागी ठेक्का सुरु गर्नुभएको छ बाँकी कामका लागि निरन्तर सम्पर्कमा छौं स्ल्याप ल्याएको छ, राखेपछि समस्या समाधान हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • ८२ फीट क्लीयर गर्ने विषयमा नेपाल सरकारले निर्णय गरी सडक डिभिजन कार्यालयले कार्यान्वयन गर्ने विषय हो, सडक डिभिजनलाई लेखेर पठाईएको छ सडक डिभिजनले कार्यान्वयन गर्छ ।<br>• पुलको तलमाथि कत्तिपनि झिक्न पाईदैन माथि ५०० मि. भन्दा माथि झिक्नुपर्ने हो तर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत् पम्पिङ्ग सेट जडान गरिएको छ, त्यो पुरिएको कारणले क्लीयर गर्नका लागि झिकीएको हुनसक्छ । ठेकेदारलाई पत्र पठाई प्रतिवन्ध लगाईएको छ, प्रहरी प्रशासनलाई बोधार्थ दिईएको छ ।<br>• बेवारिसे लासको लागि स्रोतसाधनको |
| ७. | निल बहादुर थापा ब्यास-१०, तनहूँ ।<br><br>बालकृष्ण श्रेष्ठ, ब्यास-१०, तनहूँ । | होडिङ वोर्ड हटाउनुपर्‍यो ।<br><br>ईष्टिमेट अनुसार नाली निर्माण भएन, नालीमा खसेर दुर्घटना बढेको छ ।<br><br>खानेपानीको पाईप गाड्दा ईष्टिमेट अनुसार भएन । | | |
| ८. | मणीजंग वस्नेत ब्यास-१, तनहूँ । | छाब्दी मार्गमा लगत कट्ट भएको १२ मि. कायम गरेर सिमांकन गर्नुपर्‍यो । ज-जसको जग्गा काटिएको छ उनीहरुलाई नयाँ लालपूर्जा दिनुपर्‍यो । | | |
| ९. | केश बहादुर सुनार ब्यास-१, तनहूँ । | सम्वन्धित निकायका कार्यालय प्रमुखलाई बोलाईएको भए कार्यक्रम प्रभावकारी हुन्थ्यो की | | |

| | | | | |
|---|---|---|---|---|
| | | ?<br>योजनाहरु छनौट गर्दा प्राथमिकीकरण गरि कार्यान्वयन गरियोस् ।<br>व्यास-१ मा विकास कम भयो । | | अभावले राम्रो व्यवस्थापन गर्न सकिएको छैन तर मानव स्वास्थ्यमा असर नपर्ने गरि व्यवस्थापन गरिने छ ।<br>• रङ रोगन न.पा.मा माग गर्न आएमा तुरुन्त उपलब्ध गराईनेछ ।<br>• अन्य ठाउँको तुलनामा व्यानपामा फोहर व्यवस्थापन राम्रो छ , छिट्टै २ वटा ट्याक्टर थपिँदै छ त्यसपछि व्यवस्थापनमा सहज हुन्छ । ट्याक्टर नआएसम्म फोहर घरभित्रै राखिदिनुहुन अनुरोध गर्दछु ।<br>• नपा बधशाला स्थलको खोजीमा छौं , अनुगमन गरी स्थानीयलाई कम असर पर्नेगरि काम गर्न अनुरोध गरिएको छ ।<br>• सार्वजनिक सुनुवाईमा आएका कुरा |
| १०. | दिल माया वि.क., तनहूँ | विपी टोल विकास संस्थालाई भवन आवश्यक छ । | | |
| ११. | दयाराम शर्मा ,व्यास-९, तनहूँ । | नपाको अनुगमन प्रभावकारी भएन । | | |
| १२. | तुलसीराम सापकोटा, व्यास-५, तनहूँ ।<br>चुडामणी दाहाल, वनाम संयोजक-१ व्यास-१०, | सार्वजनिक सुनुवाई प्रभावकारी भएन, योजनाको माग गरियो ।<br>न.पाको कार्यक्रमहरुको वारे जानकारी नै भएन । | | |

| | | | | |
|---|---|---|---|---|
| | दमौली, तनहूँ ।<br><br>केश बहादुर सुनार व्यास-१, तनहूँ । | न.पाले आफैले प्रतिबेदन पेश गरेको छैन ।<br><br>न.पा सेवाग्राहीप्रति उत्तरदायी भएजस्तो लागेन ।<br>सम्वन्धित निकायका कार्यालय प्रमुखलाई बोलाईएको भए कार्यकम प्रभावकारी हुन्थ्यो की ?<br><br>योजनाहरु छनौट गर्दा प्राथमिकीकरण गरि कार्यान्वयन गरियोस् ।<br><br>व्यास-१ मा विकास कम भयो । | | नोट गरि राखिएको छ आगामी वर्षको कार्यक्रमसंग जोडिने भएकाले आगामी वर्षको कार्यक्रममा समावेश गरिनेछ ।<br>• पोलका कुरा प्राधिकरणसंग समन्वय हुँदैछ ।<br>• रेडवुकमा भएका कुरा नपाले कार्यान्वयन गर्दैन ।<br>• खानेपानी तथा सडकसँग समन्वय गरि काम गरिन्छ ।<br>• बसपार्कको काम भैरहेको छ, होलिङ बोर्ड हटाउने काम भैरहेको छ सार्वजनिक जग्गा खोजी गर्ने काम पनि भैरहेको छ ।<br>• कम रकम जेष्ठ नागरिकका लागि छुट्टाईएको हुन्छ त्यसैले केही नगरेको महशुस भएको हुनसक्छ आगामी |
| १३. | नाम थर अष्पष्ट भएका | वधशालाका लागी धेरै बैठकहरु | | |

| | | | | |
|---|---|---|---|---|
| | सहभागीहरुका प्रश्न, गुनासो वा सुझाव | बस्छ अनि भत्ता बाँडिन्छ । हामीलाई वातावरण प्रदुषण भएर सहन नसक्ने भएको छ । नगरपालिका हो की नगर्ने पालिका हो ?<br><br>भानुभक्त क्याम्पस जाने बाटो ज्यादै जोखिमपूर्ण छ । बुल्दीखोलामा पुल राखीदिनु भन्दा न.पा, जिविस, राजनैतिक दल मुकदर्शक भएर बसीरहेको छ ।<br><br>ठुलो नेताले घरजग्गा पास गर्नुपर्दैन ? सार्वजनिक जग्गा ओगट्दै जानुस्, बधशाला अन्त खोज्दै बस्नुस, जनतालाई रोग र भोकमा राख्दै जानुस् । | | दिनमा बजेट व्यवस्थापन गरेर सम्मान गर्ने सोचमा छौं ।<br>• अघिल्लो पटक सार्वजनिक सुनुवाईमा पनि यहि गुनासो आएको थियो, सम्वन्धित निकायका कार्यालय प्रमुखलाई आमन्त्रण गरिएको थियो उहाँहरुको अनुपस्थितिमा मेरो पनि गुनासो छ ।<br>• आगामी वर्षमा बुल्दी पुलतिरको बाटो समावेश गरि कार्यान्वयन हुन्छ ।<br>• अन्यन्त्रको तुलना गर्ने हो भने ब्यास-१ मा बजेट कम पर्‍यो भन्न मिल्दैन ।<br>• टोलको सरसफईमा न.पा.लाई मात्र जिम्मेवार नबनाउनुहोस् तपाईपनि सचेत हुनुपर्‍यो । |

| | | | | |
|---|---|---|---|---|
| | | लागत सहभागिता किन फरक भएको हो ?<br><br>बाराही रानी मार्ग भत्कीएर अन्य सडकलाई असर गरिरहेको छ, नपाले यसलाई ध्यान दिनुपर्‍यो ।<br>ओइलेनीजग्गामा रहेका भुकम्पपिडितलाई क्षतिपूर्ति दिने या नदिने ?<br><br>, व्यानपा-५ मा वर्षैपिच्छे टेण्डर आह्वान गर्छ तर विकास भएन विनाश मात्र भयो । मर्मत सम्भारमा ध्यान दिएन ।<br>ट्याक्टर, ट्रक खेतखेतै हिड्छ | | • सीसि क्यामेरा मर्मतका लागी जनशक्तिको अभावले रोकिएको हो, तपाईहामी माझ दक्ष जनशक्ति भए नपामा तुरुन्त सम्पर्क गर्न अनुरोध गर्दछु ।<br>• आवश्यक स्थानहरुमा तत्काल प्राविधिकसहित अनुगमन गर्छौ ।<br>• ओइलेनीजग्गामा रहेका भुकम्पपिडितलाई दिने क्षतिपूर्ति विषयको हकमा क्षेत्रिय प्रशासन कार्यालयबाट आएको निर्देशन अनुसार रोकिएको हो । |

| | | | | |
|---|---|---|---|---|
| | | गिटी बालुवा लाने बाटोको व्यवस्था हुनुपर्‍यो, नालीको व्यवस्था हुनुपर्‍यो । | | |

सबल पक्षहरुः-

- स्थानीय सेवाग्राहीहरुले आफ्ना पिर-मर्का तथा गुनासाहरु पोख्न पाउने अवसर मिल्यो ।
- स्थानीय सेवा प्रदायक संस्था र स्थानीय सेवाग्रहीहरु बिच हाकाहाकी छलफल गरी प्रतिबद्धता जाहेर गराउने मौका मिल्यो ।
- स्थानीय सेवा प्रदायक संस्थालाई आफ्नो सेवा प्रवाहको बारेमा स्थानीय सेवाग्राही जनताले गरेको अनुभबको बारेमा जानकारी भयो ।
- सेवा प्रदायक र स्थानीय सेवाग्रहीका विचमा सुमधुर सम्वन्ध स्थापित भयो ।

सुधार गर्नुपर्ने पक्षहरुः-

- हरेक सरकारी तथा गैससले अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरेको खण्डमा स्थानीय सेवाग्राहीहरुले प्रकृयाको बारेमा जानकारी हुने थियो ।
- आगामी दिनहरुमा सार्वजनिक सुनुवाई गर्दा व्यवस्थित तयारी र खुला स्थानमा गर्दा राम्रो हुने थियो ।

## अनुसूची-३

# निर्गम अभिमत (Exit Poll) संकलन गर्ने ढाँचा

## बुँदा नम्बर ३, ६, ५ संग सम्बन्धित

१) सेवाग्राहीको लिङ्ग: क) महिला-२० ख) पुरुष-३०

२) उमेर:

३) जात:

४) शिक्षा:

५) कार्यालय सम्म आईपुग्दाको समय:

६) कार्यालयको काममा मात्र आउनुभएको हो वा अन्य कामका लागि पनि

७) कार्यालयमा देहायको कुन कामको लागि आउनुभएको हो ? रेजा ( ) चिन्ह दिनुहोस् ।

क) सिफारिस लिन/पुऱ्याउन - ३०

ख) दर्ता/नवीकरण - ५

ग) आर्थिक सहयोग लिन

घ) योजना माग गर्न

ङ) योजनाको किस्ता लिन

च) योजनाको मुल्याङ्कन गराउन

छ) योजनाको अन्तिम भुक्तानी लिन

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न - ५

झ) सूचनामूलक सामाग्री प्राप्त गर्न - १०

ञ) अन्य कुनै भए

| क. सं. | सेवाको नाम | मुल्याङ्कन-उपयुक्त कोष्ठमा रेजा ( ) लगाउन | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ? | अति स्पष्ट -१० | ठीक-२५ | अस्पष्ट-१५ |
| २. | सेवा प्रदायक कर्मचारीले कस्तो तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्यो ? | अति धेरै | ठीक-४५ | थोरै-५ |
| ३. | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण-१५ | ठीक-३५ | अभद्र/अमर्यादित |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु -प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए-२० | ठीक-१५ | अलमल हुने गरी अष्पष्ट सुचना-दिए -१५ |

| | | | | |
|---|---|---|---|---|
| ५. | तपाईले राख्नुभएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान गरिदिए-१० | ठीक-२५ | समाधान दिन सकेनन्-१५ |
| ६. | सेवा प्राप्त गर्न अपनाएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो)-१० | ठीक-५ | लामो-३५ |

कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| १. गुनासो सुनिएको तर कार्यान्वयन पक्ष हेर्न बाँकी छ । | १. घर अगाड बाटोमा पानीको पाईप लाईन विस्तार गर्दै गरेको तर पनि पिच. गर्नभन्दा पहिला गरेको भए राम्रो हुन्थ्यो, अव वर्षा लागिसक्यो घरअगाडी हिलो भएर समस्या परेको छ, यो काम नगरपालिकाले ध्यान दिनुपर्ने छ । |
| २) वडा थप गरेको राम्रो लाग्यो, शहरीकरण गर्न खोजेको प्रयास राम्रो छ । | २.गाऊँ-गाऊँ तिरपनि विकासमा ध्यान दिनुपऱ्यो । |
| ३) नागरिक वडापत्र, गुनासो पेटिका राखिएको रहेछ, राम्रो लाग्यो । | ३) सेवा छिटोछरितो प्रदान गरिदिए राम्रो हुन्थयो । |
| ४) सेवा लिन आउँदा कर्मचारीहरुको व्यवहार मिलनसार र मैत्रीपूर्ण गर्नुभयो । | ४)सुचना प्रसारणमा केही कमि भएकाले नगरपालिका आईसकेपछि काम नबनिकन पर्किनुपऱ्यो । |
| ५) कागजात पुगेको खण्डमा काम छिटोछरितो नै हुन्छ । | ५) नगरपालिकाको वेभसाईड अपडेट गरिराखे राम्रो हुन्थ्यो । |
| | ६) सेवा प्राप्त गर्न आऊँदा अपनाएको प्रक्रिया लामो र अष्पष्ट लाग्यो । |
| | ७) भादगाऊँ जाने मोटरमार्ग बुल्दी खोलाको पुलदेखी मनकामना बोडिङ्ग स्कुल चोक सम्मको बाटो अति जिर्ण भएको, व्यवस्थित नालि नभएको, साँघुरो भएको अवस्थामा भत्काएर बनाउनुपर्नेमा टालो हालेर झारा टारेको तर फेरी भत्कीएर अझ जिर्ण भाको छ, दुर्घटना हुने अवस्था रहेको छ । |
| | ८) बुल्दी खोलाको पुलमा पानी पर्दा हिलोमाटो सहितको पानीले गर्दा रोड बिगारेको अवस्थामा पनि नगरपालीकाले व्यवास्ता गरेको छ । |
| | ९) शुल्क वढि लिएको ( re-print गरेको रु. ५० लिएको ), सरकारी दरभन्दा वढि महशुल लाग्यो । |
| | १०) सोधपुछ कक्षमा कर्मचारीले बुझाउन सकेनन् । |